ट) "भाडा" भन्नाले यान्त्रिक उपकरणहरू भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनुपर्दछ ।

ठ) "बिल" भन्नाले मेसिनरी औजार सञ्चालन गरेको अपरेशन लगसिटको आधारमा कार्यालयले भाडा बापतको रकम संचितकोष खातामा जम्मा गर्न तयार गरेको भाडा, महशुल, बिल समेतलाई सम्झनुपर्दछ ।

ड) "मेशिनरी औजार" भन्नाले आठराई गाउँपालिकाको नाममा दर्ता भएका एक्जाभेटर, व्याक हो लोडर र टयाक्टर लगायत निर्माण तथा ढुवानीको लागि प्रयोग हुने यान्त्रिक उपकरणलाई सम्झनुपर्नेछ ।

ढ) "अपरेटर" भन्नाले मेसिनरी औजार सञ्चालन गर्ने कर्मचारीलाई सम्झनुपर्दछ ।

३. **उद्देश्य** :-

आठराई गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकास निर्माणका कार्यक्रमहरू साथै आठराई गाउँपालिका क्षेत्र भित्र सङ्घीय तथा प्रदेश सरकार एंवम विभिन्न सङ्घ संस्था तथा दातृ निकायहरुबाट सञ्चालित आयोजनाहरूमा प्राथमिकताको आधारमा यान्त्रिक उपकरणहरु प्रयोगमा ल्याइ विकास निर्माण कार्यलाई प्रभावकारी वनाउनु साथै उपकरण सञ्चालन विधिमा एकरुपता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

४. **सञ्चालन विधि**:

१) गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले संचालन गर्ने सडक,खेलमैदान लगायतका भौतिक निर्माण तथा ढुवानी कार्यमा यान्त्रिक उपकरणहरुको प्रयोग गरिने छ । यसरी प्रयोग गर्दा प्राविधिकबाट निर्माण हुने समग्र आयोजनाको कूल लागत अनुमान र उपकरण चलाउँदा खर्च हुने इन्धनको छुट्टै लागत अनुमान तयार गर्नुपर्ने छ । गाउँपालिका भित्र निर्माण तथा सञ्चालन हुने आयोजनाहरुको प्राथमिकीकरण दफा ८ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२) दफा १ बमोजिम गाउँपालिकाको कार्य वा अन्य आकस्मिक कार्यमा प्रयोग नभई यान्त्रिक उपकरणहरू खाली रहेको अवस्थामा गाउँपालिकाको कार्यमा बाधा नपर्ने गरी गाउँपालिकाले तोकेको भाडा दरमा कुनै व्यक्ति, सङ्घ संस्था र उपभोक्ता समिति आदिलाई मेसिनरी औजार भाडामा उपलब्ध गराउन सक्नेछ ।

३) कुनै पनि व्यक्ति, संस्थालाई आवश्यक परेको उपकरण प्रयोगमा ल्याउनका लागि देहायका प्रकृया पूरा भए पश्चात मात्र उपकरण भाडामा उपलब्ध गराउन सक्नेछ ।

